सभापोखरी गाउँपालिका

बाह्रविसे, सङ्खुवासभा

# स्थानीय राजपत्र

**सभापोखरी गाउँपालिकाद्वारा प्रकाशित**

बर्ष : ७ अंक: ४, सभापोखरी, २०८० साल असार २७ गते बुधबार

**भाग- २**

# सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी

# कार्यविधि, २०८०

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति: २०८०।०३।२६</u>

<u>प्रमाणिकरण भएको मिति: २०८०।०३।२७</u>

# सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:** कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० बमोजिम सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कामकाजलाई ब्यवस्थित गर्न बाञ्छिय भएकोले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अख्तियारवाला" भन्नाले कर्मचारीको नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्दछ।

(ख) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले सभापोखरी गाउँपालिकाको स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई सभापोखरी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउँदछ ।

(घ) "कार्यविधि" भन्नाले <u>सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०</u> लाई सम्झनु पर्दछ ।

(ङ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले सभापोखरी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले सभापोखरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ४(५), ८(१६) र २८(१) बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

(झ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सभापोखरी गाउँपालिकको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) "मन्त्रालय" भन्नाले स्थानीय तहहरूले सङ्घीय सरकार वा प्रदेश सरकार समक्ष सम्पर्क गर्न तोकिएको तत् मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ठ) "सिफारिस समिति" भन्नाले अध्यादेशको दफा २८ को उपदफा ३ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

**३. तह वृद्धि गर्नुपर्ने:** गाउँपालिकामा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीहरूको तह वृद्धि गर्नुपर्नेछ ।

**४. तह वृद्धि सिफारिस समिति:** १) गाउँपालिकामा कार्यरत कर्मचारीको तह वृद्धि गर्न तपसिल बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | -अध्यक्ष |
| ख) कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ट कर्मचारी | -सदस्य |

२) समितिको बैठक समिति आफैंले निर्धारण गरे बमोजिम बस्नेछ ।

**५. तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार:** (१) तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) तह वृद्धि प्रयोजनका लागि अध्यादेश बमोजिमको कार्यतालिका निर्धारण गर्ने ।

(ख) आवेदन शुल्क निर्धारण गर्ने ।

(ग) आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

(घ) पेश भएका निवेदन तथा कागजातहरूको अध्ययन तथा विश्लेषण गरी प्रकाशित सूचना अनुसार निवेदन दिने अन्तिम मितिले ७ (सात) दिन भित्रमा तह वृद्धिको लागि सिफारिस गर्ने ।

(ङ) अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) बमोजिमको योग्यता पुगेका कर्मचारीको तह वृद्धिका लागि निर्णय गर्ने ।

(च) अध्यादेशको दफा २८ बमोजिमको योग्यता पुगेका कर्मचारीहरूको तह वृद्धिका लागि निर्णय गर्ने ।

(छ) तह वृद्धि गरिने कर्मचारीहरूको नामावली सहित तह वृद्धिको लागि कार्यालय समक्ष सिफारिस गर्ने ।

(ज) तह वृद्धि सम्बन्धमा कुनै दुविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श लिने ।

झ) तह वृद्धि कार्यलाई व्यवस्थित र अनुमान योग्य बनाउन आवश्यक योजना निर्माण गरी कार्यालय समक्ष सिफारिस गर्ने ।

**६. सूचना प्रकाशित गर्नुपर्ने:** तह वृद्धिका लागि देहाय बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ:

(१) अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिमका कर्मचारीहरूको हकमा तह वृद्धिका लागि अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्ने प्रयोजनको लागि कम्तीमा एक महिना अगावै १५ (पन्ध्र) दिनको म्याद राखि सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकको सूचना पाटी, सबै वडा कार्यालयहरूको सूचना पाटी र गाउँपालिकाको वेभसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) बमोजिमका कर्मचारीहरूको हकमा एक पटकको लागि एक तह वृद्धि गर्ने प्रयोजनका लागि तह वृद्धि/कायम गर्न ५ (पाँच) दिनको म्याद राखि सूचना प्रकाशन गर्नुपर्नेछ जसका लागि अनुसूची-१ अनुसारको ढाँचाको निवेदन साथ सम्बन्धीत तह वृद्धि/कायम को लागि तोकिएको आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्र तथा शुरु नियुक्ति/सिफारिस तथा समायोजन सम्बन्धी कागजातहरू उम्मेदवार स्वयंले प्रमाणित गरी निवेदन साथ संलग्न गरी सिफारिस समिति समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको तह वृद्धिका लागि सूचना प्रकाशन गर्दा उक्त सूचनामा सम्भाव्य उम्मेदवारले देहायका कागजात निवेदनका साथ संलग्न गर्नुपर्ने भनी उल्लेख गर्नुपर्नेछ ।

(क) अनुसूची- १ बमोजिमको निवेदन,

(ख) शुरु नियुक्ति सम्बन्धी कागजात,

(ग) बढुवा भएको भए सो सम्बन्धी कागजात,

(घ) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,

(ङ) सेवा अवधि प्रमाणित भएको कागजात,

(च) समायोजन भएको भए सो सम्बन्धी कागजात,

(ज) सेवाकालीन तालिम लिएको भए सो को कागजात,

(झ) सेवा समूह सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति,

(ञ) सेवा निरन्तर रहेको, विभागिय कार्वाहीमा नपरेको तथा अध्ययन/असाधारण विदामा नबसेको स्वघोषणा पत्र,

(ट) पेशा सम्बन्धी व्यावसायिक परिषदले उपलब्ध गराउने पदमा रहेको भए सो परिषद्‌ले उपलब्ध गराउने प्रमाणपत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

**७. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:** (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछ ।

| **क्र.सं.** | **हालको तह** | **तह वृद्धि हुने तह** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|---|
| | | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |
| १ | पाँचौं | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**८. दरखास्त दिनुपर्ने:** (१) कार्यविधिको दफा ६ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह वृद्धिका लागि तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक सम्भाव्य उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजात समेत संलग्न गरी तह वृद्धि सिफारिस समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

**९. जाँचवुझ सम्बन्धी व्यवस्था:** (१) कार्यविधिको दफा ८ बमोजिम दर्ता भएका दरखास्त, कागजात तथा प्रमाणहरु दफा ४ बमोजिमको समितिले जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा कुनै उम्मेदवारको तह वृद्धिका लागि आवश्यक पर्ने आधारभूत कागजात वा प्रमाण नपुगेको देखिएमा बढीमा तीन दिनको समय दिई छुटेका कागजात तथा प्रमाणहरू पेश

गर्न समय दिनुपर्नेछ । तर उम्मेदवारले छुटेका कागजात पेश गर्दा दरखास्त दर्ता गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाण मात्र पेश गर्न सक्नेछन् । दरखास्त दर्ता गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणहरूलाई समितिले मान्यता दिनेछैन ।

१०. **सिफारिस गर्नुपर्ने:** (१) कार्यविधिको दफा ९ बमोजिम कागजातको जाँचबुझ पश्चात तह वृद्धि गर्न योग्यता पुगेका उम्मेदवारलाई समितिले तह वृद्धिको लागि गाउँ कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी वा वढुवाको नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता, सेवाकालीन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।

११. **तह वृद्धि गर्न नहुने:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ५ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्ने छैन ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तलब बृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर र

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर ।

१२. **तह बृद्धि सम्बन्धी विशेष ब्यवस्था:** (१) अध्यादेशको दफा ८ को उपदफा (१४) बमोजिम चौथो तहमा सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौं तहको कम्प्यूटर अपरेटर पदमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिईनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) अनुसार निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमश: छैठौं, आठौं र दशौं तहमा एक तह वृद्धि गरिनेछ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरूमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) सङ्घीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि न्यूनतम शैक्षिक

योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिनुपर्नेछ ।यसरी सातौं तह कायम गर्नु पूर्व गाउँपालिकाको सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत भएको हुनुपर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय सेवाको सहायक तेस्रो र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका दिन सम्ममा पाँच वर्ष पुरा गरेका कर्मचारीको एक पटकका लागि क्रमश: चौथो र पाँचौ तहमा स्वतः तह बृद्धि हुनेछ र त्यस्ता कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनुपर्नेछ । त्यसरी तह बृद्धि हुने पद स्वतः सृजना हुनेछ । त्यसरी स्वतः सृजना भई तह बृद्धि भएको पदमा सो कर्मचारी कुनै कारणले बहाल नरहेमा सो पद स्वतः खारेज हुनेछ ।

(६) <u>कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था:</u> कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीहरूको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी / पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

**१३. तह वृद्धि सम्बन्धी पत्र दिने: (**१) तह वृद्धि भएका कर्मचारीहरूलाई तह वृद्धि सिफारिसको सूचना प्रकाशन भएको १६ औं दिनमा अनुसूची-२ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि सम्बन्धी पत्र दिनुपर्नेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) बमोजिम एक पटकको लागि तह एक पटकको लागि एक तह वृद्धि गर्ने प्रयोजनका लागि अध्यादेशमा तोकिए बमोजिमको शैक्षिक योग्यता पुरा भएमा तह बृद्धि/कायमको निर्णय पश्चात तत्काल तह वृद्धिको पत्र दिन कुनै बाधा पर्नेछैन।

**१४. तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधा:** (१) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीले कार्यविधिको दफा तह वृद्धि भएको मितिबाट मात्र सेवा सुविधा प्राप्त गर्नेछन् ।

(२) तह वृद्धि वा बढुवा भएका कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने प्रचलित नियम कानून अनुसार ग्रेड मिलान गरिनेछ ।

(३) तह वृद्धि वा बढुवा भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदान वापतको सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. ज्येष्ठता कायम:** (१) तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिमका कर्मचारीको तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) बमोजिम सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भई आएका कर्मचारीको हकमा तह वृद्धिको निर्णय भएको मितिबाट ज्येष्ठता कायम हुनेछ ।

**१६. जानकारी दिनु पर्ने:** (१) यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ ।

**१७. उजुरी/गुनासो:** (१) तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा तह वृद्धिको सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र प्रदेश लोक सेवा आयोग समक्ष उजुरी/गुनासो गर्न सकिनेछ ।

**१८. बाधा अड्काउ फुकाउने:** (१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

**१९. कार्यविधिमा संशोधन:** (१) यस कार्यविधिमा परिमार्जन गर्नु परेमा गाउँ कार्यपालिकाले प्रदेश लोक सेवा आयोगसँग आवश्यक परामर्श गरी संशोधन गर्न सक्नेछ ।

**२०. अभिलेख राख्ने सम्बन्धी ब्यवस्था:** (१) यस कार्यविधि बमोजिम तहबृद्धि हुने कर्मचारीहरुको अभिलेख गाउँपालिकाले दुरुस्त राख्नु पर्नेछ । सरोकारवाला निकायहरुबाट माग भएको बखत तत्काल उपलब्ध गराउनु पर्नेछ।

**२१. सचिवालय:** तह वृद्धि सम्बन्धी सिफारिस समितिको सचिवालय गाउँपालिकाको सामान्य प्रशासन शाखामा रहनेछ ।

**२२. विविध:** समितिका पदाधिकारीहरूले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरूले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

**२३. प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धित

मिति:......................

श्री अध्यक्षज्यू
तह वृद्धि सिफारिस समिति
सभापोखरी गाउँपालिका, बाह्रविसे, सङ्खुवासभा ।

**विषयः तह वृद्धि /तह कायम गरी पाउँ ।**

प्रस्तुत विषयमा म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेकोमा यस सभापोखरी गाउँपालिकाको तह वृद्धि सम्बन्धी मिति..................गते प्रकाशित सूचना अनुसार देहाय बमोजिमको पदमा तह वृद्धि/कायम हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**तपशिल:**

१. स्थायी नियुक्तिको पत्र ।
२. समायोजन पत्र ।
३. बढुवा/तह वृद्धि भएको पत्र ।
४. नेपाली नागरिकताको प्रमाण पत्र ।
५. शैक्षिक योग्यताको प्रमाण पत्र ।
६. ......................................................................
७. ......................................................................

| हाल कार्यरत पदको विवरण | तह वृद्धि/कायम हुनुपर्ने पद |
|---|---|
| १.सेवा : | १.सेवा : |
| २.समूह/उपसमूहः | २.समूह/उपसमूह : |
| ३.पदः | ३.पद : |
| ४. तह : | ४. तह : |
| ५.सुरु नियुक्ति मिति : | ५. कार्यालय : |
| ६. हालको पदमा बढुवा नियुक्ति मिति : | |
| ७. समायोजन मितिः | |
| ७.कार्यालय : | |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

नाम थर :............................
दस्तखत :.............................
कर्मचारी संकेत नम्बर :........................

**प.सं.** **मितिः...................**
**च.नं.**

**अनुसूची -२**

कार्यविधिको दफा १३ को उपदफा (१) संग सम्बन्धित

श्री ....................................
कर्मचारी संकेत नम्बर...............................

**विषय- तह वृद्धि/कायम सम्बन्धमा ।**

तपाईंलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति.....................गतेको निर्णयानुसार कोशी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा.........को उपदफा.......तथा सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा..........को उपदफा...........बमोजिम मिति...............देखि/प्रचलित नियमानुसार ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको स्थानीय सेवाको पदमा तह वृद्धि/कायम गरिएको छ । तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना।

| हाल कार्यरत पद | तह वृद्धि/कायम गरिएको पद |
|---|---|
| पद:<br>तह:<br>सेवा:<br>समूह/उपसमूह:<br>कार्यरत कार्यालय: श्री सभापोखरी गाउँपालिकाको कार्यालय, बाह्रविसे, सङ्खुवासभा । | पद:<br>तह:<br>सेवा:<br>समूह/उपसमुह:<br>कार्यरत कार्यालय: श्री सभापोखरी गाउँपालिकाको कार्यालय, बाह्रविसे, सङ्खुवासभा । |

.......................................
**प्रमुख प्रशासकीय अधिकृत**

**<u>वोधार्थ-</u>**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश , बिराटनगर, मोरङ।
श्री राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुर।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश, बिराटनगर, मोरङ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, बिराटनगर, मोरङ ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।
श्री कर्मचारी सञ्चयकोष, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सङ्खुवासभा।
श्री आर्थिक प्रशासन शाखा, सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाह्रविसे, सङ्खुवासभा।

**आज्ञाले**
**बुकु प्रसाद आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**